परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १५ ❑ अंक ३ २०८३ श्रावण १७ आईतवार Sunday, 2 AUG 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-




## सात बुद्धे सम्झौता पछि देवानगञ्ज समान्य अवस्थामा फर्किंदै

विराटनगर। सुनसरीको देवान गञ्ज गाउँपालिका-३, कप्तान गञ्जमा श्रावण १० गते राति धार्मिक कार्यक्रमका क्रममा सुरु भएको सामान्य विवाद केही घण्टामै हिंसात्मक झडपमा दुई जनाको मृत्यु र दर्जनौ घाईते पछि सरकार र मृतक परिवार बीच श्रावण १४ गते भएको सात बुद्धे सहमति पछि समान्य बन्दै गएको छ।

नेपाल सरकारको तर्फवाट माननीय गृहमन्त्री सुधन गुरुङ्ग र मृतक ओमप्रकाश मेहताका अभिभावक अभिभावक कृष्णदेव मेहता र मृतक जयप्रकाश मेहताका अभिभावक नरेश मेहता बीच भएको सम्झौता पछि देवानगञ्जको अवस्था समान्य तर्फै फर्कदै गई रहेको छ।

सम्झौता अनुसार नेपाल सरकारबाट शहीद घोषणा गर्ने प्रकृया तत्काल अगाडि बढाई मृतकका परिवारलाई दश लाख नेपाल सरकारको उपलब्ध गराउने, कप्तानगञ्जमा भएको घटनाको निश्पक्ष र प्रभावकारी छानबिन गरी दोषी उपर प्रचलित कानून बमोजिम आवश्यक कार्वाही अगाडि बढाउन, देवानगञ्ज गाउँपालिका-३, स्थित मदरसाको कानूनी हैसियत तथा सम्बन्धित विषयहरुबारे आवश्यक छानविन प्रारम्भ गर्ने, सम्झौतामा उल्लेख छ।

त्यसैगरी प्रत्येक मृतकका परिवारका एक जना योग्य सदस्यलाई



सरकार र मृतक परिवार वीच श्रावण १४ गते सात बुद्धे सहमतिमा हस्ताक्षर गर्दै।

रोजगारको अवसर उपलब्ध गराउने, घटनाको अध्ययनका लागि गठित छानबिन समितिले पेश गर्ने प्रतिवेदनका सुझाव तथा सिफारिसहरु प्रचलित कानून बमोजिम यथाशिघ्र कार्यान्वयन का लागि आवश्यक प्रकृया अगाडि बढाउने, मृतकद्वयको सम्झनामा गाउँपालिकाको उपयुक्त क्षेत्रमा स्थानीय सरकारसँगको समन्वयमा स्मृति पार्क निर्माण गर्ने रहेको छ।

उक्त विवादमा दुई समुदायबीच भएको विवाद नियन्त्रण गर्न खटिएको सुरक्षाकर्मीमाथि ढुंगामुढा भएपछि प्रहरीले लाठीचार्ज, अश्रुग्यास र हवाई फायर गरेको थियो। त्यसपछि सशस्त्र प्रहरीले चलाएको गोली लागेर देवान गञ्ज-४ का ओमप्रकाश मेहता गम्भीर घाइते भई उपचारका क्रममा उनको मृत्यु भएको थियो। घाइते मध्ये जयप्रकाश मेहताको पनि उपचारकै क्रममा विराटनगरमा मृत्यु भएको थियो।

सो घटनामा गोली लागेका अन्य घाइतेहरूमा मिथलेश यादव, मिथलेश मेहता, अमलेश मेहता, अमितकुमार यादव, रवीन्द्र मेहता, अर्का अमितकुमार यादव तथा दुई जना सुनिलकुमार मेहता रहेका छन्। घटनामा सर्वसाधारण र सुरक्षाकर्मीसहित २४ जना घाइते भएका थिए।

नेपाल प्रहरीका १० जना र सशस्त्र प्रहरी बलका ५ जना गरी १५ जना सुरक्षाकर्मी र ९ जना स्थानीय घाइते भएका थिए। घटनापछि देवानगञ्ज र हरिनगर क्षेत्रमा कर्फ्यु आदेश जारी जारी गरेको थियो। उक्त घटना पनि तराई मधेश क्षेत्रमा तनाव बढेको थियो।

साउन १२ गते तनाव अन्य

बांकी अन्तिम पेजमा...

## मृतक परिवारलाई दुई लाख दिने घोषणा

विराटनगर। कोशी प्रदेश सरकारले सुनसरीको देवानगञ्जमा भएको घटनामा ज्यान गुमाउनेको परिवारलाई २ लाख घाइतेलाई ५० हजारका दरले राहत दिने घोषणा गरेका छन्।

त्यसैगरी घर, पसल साथै अन्य आगजानी भएका परिवारलाई ५० हजारका दरले राहत दिने भएकोछ।

कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले आयोजना गरेका सर्वदलीय बैठकमा सरकारले राहतको घोषणा गरेको गरेको हो। बैठकले विभिन्न ८ बुँदे निर्णय गर्दै साउन १० गते भएको घटनापछि उत्पन्न परिस्थितिलाई मध्यनजर गर्दै कोशी प्रदेश सरकारलको आयोजनामा बसेको सर्वपक्षीय बैठकले सामाजिक सद्भाव, शान्ति सुरक्षा कायम गर्न आठबुँदे निर्णय गरेका छन्।

बैठकले घटनामा मृत्यु भएका ओमप्रकाश मेहताप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गरेको छ। साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ।

सामाजिक सद्भाव र साम्प्रदायिक एकता कायम गर्न राजनीतिक, सामाजिक तथा प्रशासनिक पक्षले समन्वयात्मक पहल गर्ने, पालिका तहमा सर्वदलीय तथा सर्वपक्षीय बैठक आयोजना गरी सद्भाव अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने निर्णय गरिएको छ।

यस्तै, सामुदायिक तहमा मेलमिलाप र सद्भाव कायम गर्न स्थानीय प्रशासनसँग समन्वय गरी सद्भाव यात्रा तथा सार्वजनिक अपिललगायतका कार्यक्रम सञ्चालन गरिने भएको छ।

बैठकले सबै धार्मिक समुदाय का संघ-संस्थाले संयुक्त अपिल जारी गर्दै समन्वय र सहजीकरणमा भूमिका खेल्नुपर्ने, सीमाक्षेत्रबाट हुन सक्ने अवाञ्छित गतिविधिप्रति सुरक्षा सतर्कता अपनाउने तथा घाइतेको उपचार र मृतकका परिवारलाई राहत उपलब्ध गराउन संघीय सरकारसँग अनुरोध गर्ने निर्णय पनि गरेको छ।

यसैगरी, घटना प्रभावित जिल्ला तथा आसपासका क्षेत्रमा यस्ता घटना दोहोरिन नदिन सुरक्षा व्यवस्थापन प्रभावकारी बनाउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई आवश्यक समन्वय गर्न आग्रह गरिएको छ।

कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले बैठकमा सम्पूर्णले सामाजिक सद्भाव कायम गर्नका लागि भूमिका खेल्नुपर्ने वताए।






## सात बुद्धे...

क्षेत्रमा पनि फैलिँदा केही स्थानमा आगजनी, तोडफोड तथा झडपका घटना भएको थियो । त्यसपछि राजनीतिक दल, नागरिक समाज र धार्मिक अगुवाले सामाजिक सद्भाव कायम राख्न संयुक्त अपिल गर्दै ठाउँ-गाउँमा सदभाव र्‍याली निकालेका थिए ।

साउन १३ गते उच्चस्तरीय छानबिन समिति घटनास्थल पुगेर पीडित परिवार, स्थानीय बासिन्दा, सुरक्षाकर्मी तथा प्रशासनसँग बयान संकलन गरेको थियो। अनुसन्धानलाई थप विश्वसनीय बनाउन सरकारले ब्यालिस्टिक तथा फरेन्सिक विज्ञसमेत टोलीमा समावेश गरेको थियो ।

यसैबीच सरकार र मृतकका परिवारबीच सातबुँदे सहमति भएको छ। सहमतिमा निष्पक्ष छानबिन, दोषीमाथि कानुनी कारबाही, पीडित परिवारलाई राहत तथा क्षतिपूर्ति, घाइतेको निःशुल्क उपचार र सामाजिक सद्भाव कायम गर्न सबै पक्षको सहकार्य गर्ने विषय समेटिएको छ ।

हाल देवानगञ्जसहित प्रभावित क्षेत्रमा अवस्था क्रमशः सामान्य बन्दै गएको प्रशासनले जनाएको छ । सुरक्षा निगरानी भने अझै कडा बनाइएको छ । छानबिन समितिको प्रतिवेदनपछि घटनाको वास्तविकता सार्वजनिक हुने र दोषीमाथि कानुनी प्रक्रिया अघि बढाइने सरकारी प्रतिबद्धता छ ।

## एक हप्ता...

समेत खुवाइएको उनले बयानमा उल्लेख गरेकी छन् ।

घटनाको तेस्रो दिन साउन ५ गते मंगलबार

पीडित बालिकाले प्रहरीसमक्ष दिएको बयानअनुसार, घटनाको तेस्रो दिन अर्थात् साउन ५ गते करण मण्डल गोलु ले उनलाई घर फर्किए परिवारले गाली गर्ने र कुटपिट गर्ने भन्दै विराटनगर जान आग्रह गरेका थिए । उनले विराटनगरमा एक महिलाकोमा काम लगाइदिने आश्वासन दिएका थिए ।

त्यसपछि गोलुले मलाई बस चढाएर विराटनगर बसपार्क पुऱ्याएका थिए । त्यहाँ पुगेपछि उनले एक महिलाको जिम्मा लगाउँदै, “अब यही दिदीको घरमा बस्नु, यही होटलमा काम गर्नु, खाना पकाउनु र भाँडा माझ्नु,” भनेका थिए । त्यसपछि गोलु त्यहाँबाट फर्किएका थिए ।

महिलाको नाम उल्लेख गरेकी भए पनि अनुसन्धान जारी रहेकाले प्रहरीले उनको परिचय सार्वजनिक गरेको छैन । आफूलाई जिम्मा लगाइएकी ती महिलाले दिनको समयमा होटलमा काम गराउने, बेलुका गीत(संगीत हुने स्थानमा लैजाने र रातिको समयमा विभिन्न होटलमा रहेका ग्राहकसँग बस्न बाध्य पार्ने गरेको उनी बताउँछिन् । आफूले यस्तो काम गर्न नसक्ने र घर फर्काइदिन आग्रह गर्दा गाली गर्ने तथा डर देखाउने गरेकाले बाध्य भएर त्यस्तो अवस्था सहनुपरेको उनले बयानमा उल्लेख गरेकी छन् ।

पीडितका अनुसार आफूलाई पटक(पटक सेतो रङको कुनै पाउडर सुँघ्न लगाइने, चुरोट, झोला तथा मदिरा सेवन गर्न बाध्य बनाइने गरिएको थियो । नशाको अवस्थामा पुगेपछि के भइरहेको छ भन्ने बुझ्ने अवस्था नरहने उनको भनाइ छ । उनले दैनिक बेलुका करिब ११ बजेसम्म गीत(संगीत हुने स्थानमा राख्ने र त्यसपछि विभिन्न होटलमा ग्राहकसँग बस्न बाध्य बनाइने गरेको दाबी गरेकी छन् ।

विराटनगरमा रहँदा आफूले एकपटक सिटी सफारी चालकको मोबाइलबाट आमालाई फोन गरी “म ठीक छु, चिन्ता नगर्नुहोस” भनेकी थिइन् । तर त्यो फोन पनि आफूले स्वेच्छाले नभई ती महिलाले गर्न लगाएको उनले प्रहरीसमक्ष बयान दिएकी छन् ।

उता, पीडितका मामाका अनुसार बालिका सम्पर्कविहीन भएपछि इलाका प्रहरी कार्यालय रंगेलीमा खोजतलासका लागि निवेदन दर्ता गरिएको थियो । यसैबीच सामाजिक सञ्जालमा करण मण्डल गोलु सँग बालिका देखिएको तस्बिर सार्वजनिक भएपछि परिवारले उनीमाथि शंका व्यक्त गर्दै प्रहरीलाई अनुसन्धान गर्न आग्रह गरेको थियो ।

परिवारका अनुसार प्रहरीले सोधपुछ गर्न सक्ने जानकारी पाएपछि गोलुले विराटनगरमा रहेकी महिलालाई फोन गरी बालिकाबाट “म सुरक्षित छु, मलाई खोज्न नआउनुहोस” भन्ने सन्देश परिवारलाई दिन लगाएका थिए । साउन ९ गते बालिकाले फोन गरेको नम्बरमा उनका मामाले सम्पर्क गरेका थिए । त्यसपछि उनी विराटनगर आए । विराटनगर विमानस्थल नजिकबाट बालिकालाई फेला पारिएको थियो । त्यतिबेला उनी नशाको अवस्थामा थिइन् र परिवारलाई समेत चिन्न नसक्ने अवस्थामा रहेको दाबी गरिएको छ । स्थानीयको रोहबरमा पहिचान पुष्टि भएपछि मात्र बालिकालाई परिवारको जिम्मा लगाइएको थियो ।

बालिकालाई सोही दिन विराटनगरबाट घर ल्याइएपछि परिवारले घटनाबारे सोधपुछ गरेको थियो । त्यसक्रममा उनले आफूले भोगेका घटनाबारे जानकारी गराएपछि परिवार बालिकालाई लिएर इलाका प्रहरी कार्यालय रंगेली पुगेको थियो । त्यसपछि उनको स्वास्थ्य परीक्षण गराइएको र किटानी जाहेरी दर्ता गरिएको प्रहरीले जनाएको छ ।

उजुरीका आधारमा जिल्ला प्रहरी कार्यालय मोरङ र इलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको संयुक्त प्रहरी टोलीले साउन १० गते घटनामा संलग्न रहेको आरोपमा पाँच जनालाई पक्राउ गरेको हो । पक्राउ परेकामाथि जबरजस्ती करणी तथा सामूहिक जबरजस्ती करणी सम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । गोलु भन्ने आरोपी चाहि विवाहित हुन उनका एउटा बच्चा समेत रहेका छन ।

जिल्ला प्रहरी कार्यालय मोरङले घटनामा संलग्न आरोपी लाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको छ । उनीहरु विरुद्ध जर्बरजस्ती करणी र सामुहिक जर्बरजस्ती करणीमा अनुसन्धान सुरु गरेको हो । प्रहरीले यस बाहेक घटनामा संलग्न रहेका अन्यलाई समेत पक्राउ गर्ने बताएको छ ।

# गुरु पूर्णिमामा योग गुरु सम्मानित, योग स्वास्थ्य जीवनको आधार



विराटनगर । गुरु पूर्णिमाको पावन अवसरमा विराटनगर महानगरपालिका-१४ स्थित रामजानकी मन्दिर, जुतुवामा आयोजित विशेष कार्यक्रममा विराट योग सेवा केन्द्रका संस्थापक योग गुरु देव वशिष्ठलाई सम्मान गरिएको छ ।

विराट योग सेवा केन्द्रका साधक तथा योगप्रेमीहरूले गुरु वशिष्ठलाई दोसल्ला, खादा र रुद्राक्षको मालासहित सम्मान गरेका हुन् । सम्मान कार्यक्रममा विराटनगर महानगरपालिका-१० का वडा अध्यक्ष अर्जुन गिरी, दैनिक योग अभ्यासमा सहभागी ज्येष्ठ नागरिक मिना घिमिरे तथा विराट योग सेवा केन्द्रका अध्यक्ष गंगा प्रसाद दाहालले संयुक्त रूपमा सम्मान अर्पण गरेका थिए ।

२०८२ साल कार्तिक २९ गते विराटनगर-१० स्थित रहेको व्यायामशालाबाट सुरु भएको विराट योग सेवा केन्द्रमा योगप्रति बढ्दो आकर्षणका कारण स्थान अभाव भएपछि केही महिनायता रामजानकी मन्दिर परिसरमा प्रत्येक दिन बिहान ५ बजेदेखि नियमित योग अभ्यास सञ्चालन हुँदै आएको छ । केन्द्रमा दैनिक रूपमा ठूलो संख्यामा योगप्रेमीहरूको सहभागिता रहने गरेको योग सेवा केन्द्रका कोषाध्यक्ष श्याम सुन्दर सुतिहारले जनाएको छ ।

सम्मान ग्रहणपछि योग गुरु देव वशिष्ठले योग अहिलेको व्यस्त जीवनशैलीमा अत्यावश्यक बन्दै गएको बताए । नियमित योग अभ्यासले शरीरलाई निरोगी बनाउनुका साथै सकारात्मक सोच, मानसिक शान्ति र पारिवारिक सद्भाव विकास गर्न महत्वपूर्ण भूमिका खेल्ने उनको भनाइ थियो ।

कार्यक्रममा बोल्दै वडा अध्यक्ष अर्जुन गिरीले विराटनगर महानगरपालिकाले ‘एक वडा, एक व्यायामशाला’ नीति कार्यान्वयन गर्दै नगरवासीको स्वास्थ्य प्रवर्द्धनमा जोड दिएको बताए । सोही नीतिअनुसार निर्माण गरिएको व्यायामशालाले योग तथा व्यायाम गर्ने सबै नागरिकलाई प्रत्यक्ष लाभ पुगेको उनले उल्लेख गरे ।

कार्यक्रममा हरिओम योग सेवा केन्द्र, नयाँबजारका अध्यक्ष, उपाध्यक्ष, प्रशिक्षक तथा विभिन्न क्षेत्रका योग साधकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । कार्यक्रममा राजकुमार रौनियार, कमल राठी, संजय साह लगायतको उल्लेख्य सहयोग गरेका थिए ।

गुरु पूर्णिमाको अवसरमा आयोजित उक्त सम्मान कार्यक्रमले गुरु-शिष्य परम्परा प्रतिको सम्मानलाई थप मजबुत बनाउनुका साथै समाजमा योग संस्कृतिको विस्तार र स्वस्थ जीवनशैलीप्रति जनचेतना अभिवृद्धि गर्ने विश्वास सहभागीहरूले व्यक्त गरेका छन् ।

स्वच्छ शहर : स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपन गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनी र वायू प्रदुषण कम गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौं, सुन्दर बनाऔं

नेपाल सरकार, विज्ञापन बोर्ड

पूर्वाधार विकास कार्यालय
विराटनगर, मोरंग

पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्र्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

# सद्भाव कायम गरौं

सुनसरीको देवानगञ्जमा घटनाले स्थानीय स्तरमा मात्र होइन, देशभर नै चासो र चिन्ताको विषय बनाएको छ। सामान्य विवादबाट सुरु भएको घटना केही समयमै दुई समुदायबीचको तनावमा परिणत हुनु दुःखद हो। यस क्रममा दुई जना साहदत प्राप्त गर्नु, जनधनको क्षति, सर्वसाधारणमा त्रास र सामाजिक सम्बन्धमा आएको दरारले सबैलाई गम्भीर बन्न बाध्य बनाएको छ। नेपाल विविध भाषा, धर्म, संस्कृति र समुदायले बनेको साझा घर हो। यही विविधता बीचको सहिष्णुता र आपसी सम्मान हाम्रो सबैभन्दा ठूलो शक्ति हो। कुनै पनि घटनालाई धार्मिक वा सामुदायिक रंग दिँदा त्यसको असर तत्कालीन घटनाभन्दा धेरै टाढासम्म पुग्न सक्छ। सामाजिक सञ्जालमा अपुष्ट सूचना, उत्तेजक अभिव्यक्ति र अफवाह फैलिँदा परिस्थिति झन् जटिल बन्ने जोखिम हुन्छ।

त्यसैले यस्ता संवेदनशील विषयमा सत्यतथ्यमा आधारित सूचना प्रवाह गर्नु, संयम अपनाउनु र कानुनी प्रक्रियालाई सम्मान गर्नु सबैको साझा दायित्व हो। देवानगञ्ज घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनअनुसार कारबाही गर्नु राज्यको दायित्व हो। त्यसैगरी निर्दोष नागरिकको सुरक्षा, पीडितको उचित राहत तथा क्षतिपूर्ति र प्रभावित क्षेत्रमा विश्वासको वातावरण पुनःस्थापना गर्न सरकार तथा सुरक्षा निकायले सक्रिय भूमिका खेल्नुपर्छ। न्यायको अनुभूति भए मात्र समाजमा दीर्घकालीन शान्ति र विश्वास कायम हुन सक्छ।

कुनै पनि अभिव्यक्ति वा गतिविधिले समुदायबीचको सम्बन्ध बिग्रिने अवस्था कसैले पनि सिर्जना गर्नु हुँदै। समस्या संवादबाट समाधान गर्न सकिन्छ भन्ने विश्वासलाई व्यवहारमा उतार्नुपर्छ। उत्तेजना होइन, संयम; आरोप-प्रत्यारोप होइन, आपसी विश्वास; विभाजन होइन, एकताको सन्देश आजको आवश्यकता हो। हाम्रो पहिचान आपसी सम्मान, सहअस्तित्व र एकतामा आधारित छ। कुनै पनि घटना वा उक्साहटले हाम्रो सामाजिक सद्भाव कमजोर बनाउन नपाओस्। देवानगञ्जबाट प्राप्त पाठलाई आत्मसात् गर्दै शान्ति, सद्भाव र राष्ट्रिय एकताको मार्गमा अघि बढ्नु नै सम्पूर्ण समाजको आवश्यकता हो।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्ने सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) :**सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# आशा, निराशा र त्रासको गोलचक्कर

## सुरूको उत्साहको ग्राफ
## क्रमश : घट्दै गएको सरकारको १०० दिन

**भोजराज पोखरेल**

नेपालमा दशकैपिच्छे हुने गरेका राजनीतिक परिवर्तनका घटना र त्यसभित्र अन्तर्निहित विषयवस्तु हेर्ने हो भने समाज आशा, निराशा र फेरि आशाको जालोमा घुम्दै आएको छ। त्यसमा बेलाबखत त्रासको अंश पनि मिसिन्छ।

यो चक्र भनौं वा दुष्चक्र, जेनजी आन्दोलनपछि तोडिएला भन्ने ठूलो आशा थियो। त्यो आशा अझै मरेको त छैन, तर आगामी दिन कसरी अघि बढ्ने भन्नेबारे यसै भन्न सकिने अवस्था पनि छैन।

यस्ता कुराको भविष्यवाणी गर्ने ल्याकत म राख्दिनँ पनि। सार्वजनिक जिम्मेवारीबाट स्वेच्छाले बाहिरिए को यो उमेरमा मलाई न कुनै व्यक्तिगत आस वा त्रास छ, न लोभ र मोह नै छ। छ त केवल देशले राम्रो बाटो समातेको हेर्ने र देख्ने रहर।

यस क्रममा आफ्नो अनुभव जन्य आधारमा म यिनै कुराको सेरोफेरोमा रहेर आफ्नो अनुभव बाँड्ने प्रयास गर्दैछु।

नेपाली बृहत् शब्दकोशले आस (आशा) लाई कुनै कुरा प्राप्त गर्ने वा पूरा गर्ने इच्छा, चाहना, अभिलाषा, भरोसा वा अपेक्षाका रूपमा व्याख्या गरेको छ।

निराशालाई कुनै कुरा प्राप्त हुने वा सफल हुने सम्भावना नदेख्दाको अवस्था; आशा नभएको वा हतास भएको, मन खुम्चेको आदि अवस्थाका रूपमा व्याख्या गरेको छ। त्यस्तै, त्रासलाई कुनै भयंकर वस्तु देखेर वा खराबीको आशंकाले मनमा पैदा हुने भाव, डर, भय, अत्यास वा झस्का आदि भनेको छ।

'आस', 'निराश' र 'त्रास' को अर्थले मानव मनका फरक फरक मनोभावलाई जनाउँछ। यी हेर्दा सामान्य लाग्ने शब्दहरूले मानव मनका विभिन्न अवस्था झल्काउँछ, जसले आफ्नो यात्रा वा गन्तव्य पनि निर्धारण गर्छ।

निराश र त्रास झट्ट हेर्दा उस्तै देखिए पनि यिनीहरूको गहिराइ, प्रभाव र परिणाम पूर्ण रूपमा फरक र विपरीत हुन्छन्।

निराशाले कुनै सकारात्मक सम्भावना देखाउँदैन, बरू अन्धकार भविष्य देखाउँछ। आफ्नो प्रयासबाट अब केही हुन्न भन्ने सोचको सिँचन गर्छ, र ऊर्जा समाप्तिको बाटोमा धकेल्छ। यसले व्यक्तिमा मानसिक, भावनात्मक, व्यवहारगत, शारीरिक, सामाजिक आदि क्षेत्रमा नोक्सान गर्छ।

त्रासले मानिसलाई बाहिरबाट नियन्त्रण गर्छ। सजाय वा डरका कारण व्यक्तिले तत्कालका लागि आदेश या नियम पालना गर्छ, तर भित्रबाट त्योप्रति उसको कुनै सम्मान हुँदैन। यसले तत्कालका लागि मानिसलाई शान्त वा नियन्त्रित राख्न सक्छ। तर डरको स्रोत हट्नेबित्तिकै मानिस पुनः पुरानै अवस्थामा फर्कन्छ।

त्यस्तै, त्रासले क्षमता दबाउँछ। डर र त्रासको वातावरणमा मानिसको सोच्ने र नयाँपन ल्याउने क्षमता अर्थात् सिर्जनात्मकता मर्छ। मानिसहरू नयाँ प्रयास गर्न डराउँछन्।

कुनै पनि समाज सधैं अराजक बनेर टिक्न सक्तैन। धार्मिक, सामाजिक, नैतिक, परम्परा, पारिवारिक वातावरण, औपचारिक वा अनौपचारिक शिक्षा वा राज्य व्यवस्थाले गर्न नहुने र गरेमा दण्ड-सजायको भागी हुनुपर्ने भनी नीति-नियमले निर्देशित कुराहरूले मर्यादाभित्र रहेर उच्च आचरणमा रहन र त्राससहित अनुशासित हुन प्रेरित गर्छ।

नेपालको सन्दर्भमा विगत लामो समयदेखि यो पाटो अति कमजोर बन्दै आएको छ। समाजमा आम रूपमा नियम नमान्नमै बहादुरी ठान्ने प्रवृत्ति बढ्दो छ। बिस्तारै उद्दण्ड बन्दै गएको नेपाली समाजलाई सकारात्मक दिशातिर लैजाने र अनुशासित बनाउन थप प्रयासको खाँचो टड्कारो देखिएको छ, जुन चुनौतीपूर्ण हुने नै भयो।

वास्तविक अनुशासन आफैभित्र बाट निर्माण हुन्छ। यो हेर्दा बाहिरबाट स्थापित गर्न खोजेजस्तो देखिए पनि यो एउटा आन्तरिक अवस्था हो। यसमा व्यक्तिले सही र गलत छुट्याएर स्वेच्छाले नियम वा पद्धति पालना गर्छ।

त्रासले मानिसभित्र रिस, कुण्ठा र प्रतिशोधको भावना जन्माउँछ। जब त्रासको सीमा नाघ्छ, तब व्यक्तिले ठूलो विद्रोह गर्न सक्छ। यसको ठिक विपरीत, अनुशासन स्थायी र दीर्घकालीन हुन्छ। डरको वातावरण नहुँदा पनि अनुशासित व्यक्तिले आफ्नो जिम्मेवारी र कर्तव्य इमानदारीसाथ पूरा गरिरहन्छ। अनुशासनले क्षमता उजागर गर्छ। अनुशासनले मानिसमा आदर, सम्मान र समझदारी विकास गर्छ। यसले समाज वा संस्थामा दिगो शान्ति र सहकार्यको वातावरण बनाउन मद्दत गरेको हुन्छ।

त्रास देखाएर कायम गरिएको अनुशासन 'कपटपूर्ण वा नक्कली अनुशासन' हो। बुझेर र स्विकारेर गरिएको अनुशासन 'वास्तविक अनुशासन' हो। त्रासले मानिसलाई दास र कहिलेकाहिँ अराजक पनि बनाउँछ, तर अनुशासनले मानिसलाई स्वतन्त्र र सफल बनाउँछ।

निराशा र त्रासको अन्तर्सम्बन्धले मानिसलाई मानसिक र व्यावहारिक रूपमा असहाय बनाउँछ। यी दुई नकारात्मक संवेगहरू एकअर्काका परिपूरक हुन्, जहाँ एउटाले अर्कोलाई बढावा दिइरहेको हुन्छ।

जस्तो-त्रासले खतरा देखाउँछ, निराशाले सम्भावना देख्न छोड्छ। लगातारको त्रासले निराशा जन्माउन सक्छ र गहिरो निराशाले त्रासलाई अझ बढाउन सक्छ। यो एउटा यस्तो दुष्चक्र हो, जसमा फसेपछि मानिस सजिलै बाहिर निस्कन सक्दैन।

त्रास र निराशाको मिलनले मानिसलाई जीवित त राख्छ, तर उसको सिर्जनशीलता, स्वतन्त्रता र जिउने इच्छालाई भित्रभित्रै मार्दै लैजान्छ। कहिलेकाहिँ यो विस्फोटक अवस्थामा पुग्न पनि सक्छ।

अब केही हाम्रा समाजका वास्तविकताको कुरा गरौं, जुन मेरो देखाइ र भोगाइ हो। यसमा कतिपयको विमति हुनसक्ला, जसको म सम्मान गर्छु।

नेपालीको आम चरित्रका कुरा गर्दा, हामीमा केही राम्रा गुण छन् जुन कतिपय अवस्थामा असहयोगी पनि हुने गरेका छन्। हामी क्षमाशील छौं र हिजोका घटना वा परिघटना छिट्टै बिर्सन्छौं (सर्ट मेमोरी) र माफ दिन्छौं। कुनै दिन जसका विरुद्ध सडकमा आउछौं, छोटो समयमै उसैलाई विचरा भन्न पुग्छौं र उसैलाई सही देख्न थाल्छौं।

अर्को हाम्रो गुण भनेको, हामी अरूले भनेको कुरामा धेरै विचार नगरी तुरुन्त विश्वास गर्छौं, पत्याउँछौं। उसको भयंकर तारिफ गर्छौं र लामो समय नहुँदै फेरि उसैलाई सत्तोसराप गर्न पछि पर्दैनौं। विगतका निर्वाचन परिणामलाई नै हेरौं न, कतिपय नेतृत्वलाई सधैं सत्तोसराप गर्छौं, तर निर्वाचन हुँदा फेरि उसैलाई जिताएर पठाउँछौं।

२००७ साल म जन्मिनु अगाडिको समय हो। यसबारे मैले सुनेको र पढेकोसम्म हो। २०१५ सालपछिका घटनाको बच्चा वा बुझ्ने भइसकेपछि म प्रत्यक्ष साक्षी बन्न सकेको छु। हामी भइरहेको सत्ता वा शक्तिको काम-कारबाही र व्यवहारमा खासगरी असल शासनका कुरामा चित्त नबुझी त्यसले निराशा बढाएपछि उसको विरूद्धमा उसैलाई फाल्न कठोर र निर्ममतापूर्वक लाग्छौं।

यसरी जन्मने नयाँ शक्तिप्रति हाम्रो आशाको ग्राफ ह्वात्तै माथि जान्छ। केही समय धैर्यपूर्वक परीक्षा लिन्छौं र मौका दिन्छौं। तर उसले फेरि आफूलाई धोका दिएको आभास भयो भने फेरि निराश हुने, उसलाई फाल्ने र नयाँलाई मौका दिएर आशा जगाउने यो खेल २००७ सालदेखि नै जारी छ, शासक आफैले खोसेको अवस्थाबाहेक।

आमनागरिकको चाहना रहन्छ-नयाँ आउनेले हिजोको फोहोर सफा गरोस्, सत्ता वा सरकार सबै नागरिकको होस्, कुनै दल विशेष वा समूहको मात्र नहोस्। भएको स्रोत-साधन, शक्तिको न्यायोचित व्यवस्थापन गर्न सकोस्, सबै आम नागरिकलाई यो सरकार मेरो हो भन्ने अनुभूति दिन सकोस्। तर राजा हुन् वा कुनै पनि दलीय सरकार, सबै नागरिकका साझा बन्न सकेनन्। आफूभन्दा माथि उठ्न सकेनन्। जनताको चाहना र आवश्यकतामा खरो उत्रन सकेनन्।

हिजोका गलत प्रवृत्ति र फोहोर सफा गरेर असल शासनको सुमार्ग बनाउनुको साटो हिजोकाले गर्न हुने हामीले किन नहुने भन्ने किसिमको होडमा अधिकांश शासकहरू लागेको देखियो। सुशासन कागज र भाषणमा सीमित रह्यो।

यी कुरालाई मैले धेरै अगाडिदेखि मेरा लेखाइ वा अन्तर्वार्ताका माध्यमबाट उजागर गरेको छु।

२०७२ सालमा संविधान जारी भएपछि २०७४ सालको निर्वाचन बाट झन्डै दुईतिहाइको शक्तिशाली सरकार बन्यो। त्यो पूर्ण बहुमत सहितको शक्तिशाली सरकारबाट आमनागरिकको आशा पलायो। अब त पक्कै यो बहुमतप्राप्त सरकारले हिजोको फोहोर सफा गर्नेछ, सुशासनको बाटो बनाउने छ, सुशासनको अवरोधका रूपमा रहेका नीति, नियम, प्रक्रियामा व्यापक सुधार गर्ने छ, संरचना र संस्थालाई बलियो बनाउने छ। देशमा शान्ति र स्थिरता कायम हुनेछ, समृद्धिको लय समाउनेछ।

तर दुर्भाग्यवश आमनागरिकको अपेक्षा र चाहना विपरीत सरकारमा अहंकार र राज्यसंस्था कब्जा गरेर आफू बलियो हुने प्रवृत्ति देखियो। दलभित्रको असमझदारीले अर्कै मोड लियो। त्यही बेला मैले दुईतिहाइ बहुमतसहितको शक्तिशाली सरकारको यही रवैया हो भने, २०८२ सालमै दस वर्षको साइकल सुरू हुन्छ भनेको थिएँ, आखिरमा त्यही भयो।

लामो समयसम्मको गलत शासन र त्यसले आमनागरिकमा ल्याएको अकल्पनीय निराशाको अन्त्यका लागि युवाहरूले भदौ २३ र २४ मा गरेको आन्दोलनले त्यस्ता पात्रहरूलाई पाखा मात्र लगाएन, पुरानो सत्ताको चालामालाबाट वाक्क भएका मतदाताले देशको शासन व्यवस्था सञ्चालन पनि युवा पुस्ताको जिम्मामा दिए।

युवाको नेतृत्व पाउँदा त्यसले एउटा नयाँ आशा रोप्यो र जगायो। प्रत्येक प्रणाली, व्यवस्था वा निर्वाचनपछि आउने शक्तिसँग हिजोका गलत प्रवृत्तिको अन्त्य र सुशासनको चाहना आमनागरिकमा पलाएको हुन्छ, जुन स्वाभाविक हो।

यस अर्थमा, यो सरकारको सबभन्दा ठूलो र अहम् काम देशमा व्याप्त नैराश्यलाई चिरेर आशा जगाउनु र कानुनको शासन स्थापित गर्नु थियो र छ।

शासनको जिम्मा लिएपछि वर्तमान सरकारले हिजोको फोहोर सफा गर्ने, नियम प्रक्रिया र पद्धति बसाउने, आफू पूर्ण पारदर्शी हुने र जिम्मेवारी र जबाफदेही रहने वाचा गऱ्यो र त्यस दिशामा सुधारको थालनी पनि गऱ्यो। उसले सुरूमै जारी गरेको १०० दिनको कार्ययोजना हाम्रो वास्तविक धरातल अर्थात् राज्यको क्षमता बाहिरको धेरै महत्त्वाकांक्षी देखिए पनि त्यसले एउटा आशाको दियो जलायो।

खासगरी सेवा प्रवाहलाई चुस्त बनाउने, सरकार पूर्ण पारदर्शी हुने, राज्यको ढुकुटीको दुरूपयोग नियन्त्रण गर्ने, व्याप्त भ्रष्टाचारका केसमा निर्ममतापूर्वक कारबाही गर्ने, आपराधिक प्रवृत्ति नियन्त्रण गर्ने, सीमा बाहिर पुगेको दलीयकरण अन्त्य गर्ने, सार्वजनिक निकायहरूलाई राजनीतिमुक्त बनाउन संघ-संगठन खारेज गर्ने, दलीय कोटाका आधारमा गरिएका नियुक्तिको खारेजी र ती पदलाई पारदर्शी ढंगबाट क्षमताका आधारमा पूर्ति गर्ने, प्रधानमन्त्री र मन्त्रीहरूले स्वागत, खादामाला, उद्घाटन, शिलान्यास गर्नेजस्ता अनुत्पादक काम वा अनावश्यक भेटघाटमा समय खेर नफाल्ने र काममै केन्द्रित हुने जस्ता अनेकौं सकारात्मक प्रयासको सबैले स्वागत गरे। यी कदमले आशा जगाए।

अझ संसदको प्रमुख प्रतिपक्षी दल लगायतले सकारात्मक प्रयासको सफलताका लागि सहयोग गर्ने वचन दिए। संसदमा प्रतिपक्षबाट यसरी सहयोगी हात बढाइनुले ठूलो महत्त्व राख्छ र सरकारका लागि ठूलो टेवा र भरोसायुक्त शक्ति पनि दिन्छ।

यस क्रममा २०४८ सालको सम्झना आयो। त्यो बेला

वांकी ५ पेजमा...

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# मगहीलोक संस्कार

## विवाह पूर्व (पहिला) विधी

श्यामसुन्दर सुतिहार

१) घटकैती/अगुवा/घरदेखीया : विवाहको कुरा मिलान गर्ने व्यक्तिलाई घटकैती भनिन्छ। अभिभावकहरुको भनाई अनुसार योग्य केटा केटीहरुलाई हेर्ने र प्रथम कुरा चलाउने व्यक्तिलाई घटकैती/घटक/अगुवा पनि भनिन्छ। मगही संस्कृतिमा मागी विवाहको प्रचलन छ। मागी विवाहमा केटी पक्षले पहिला कुरा चलाउनु पर्छ बताइन्छ। साथीभाई, छरछिमेकी, दातागोता, आदी को माध्यमबाट कुराको शुरुवात हुन्छ जसलाई लमी भनिन्छ। यस संस्कृतिमा लमीले कुनै शुल्क लिईदैन्। विवाह गराउन सहयोग गरे आफुलाई धर्म भएको मानिन्छ। केटा केटी हेर्न आउनेलाई घर देखिया भनिन्छ

२) देखासुनी/गणना : घटकैतीको आधारमा केटा पक्षलाई केटी देखाउने र केटी पक्षलाई केटा देखाउने कार्यलाई देखासुनी भनिन्छ। अभिभावकहरुले देखासुनी गरी सकेपछि छैक्का को प्रक्रिया शुरु हुन्छ। देखासुनीको समयमा डिहडावर र गोसाईको मिलान पनि गरिन्छ। आजकल केटा केटीलाई पनि आपसमा कुराकानी गराईन्छ। पहिला पहिला पुरुष अभिभावकहरुले मात्र हेर्न चलन थियो भने आजकल कुनै ठाँउमा बोलाएर महिलाहरुले पनि हेर्ने गर्छ। केटा र केटीको जन्म र नक्षत्र दुवैको मिलान गर्ने चलन रहेको छ जसलाई गणना भनिन्छ। यसमा कुनै विशेष प्रकारको लोक गीत नगाए पनि विभिन्न विवाहको लोक गीतमा गणनाको उल्लेख पाइन्छ।

केटा र केटी दुवै पक्षको गोत्र वंशजलाई मिलान गर्न नौ नौवटा डीह हेर्ने गरिन्थ्यो। डीह मिलेमा विवाह कार्यक्रम हुदैन्थ्यो किनकि दुवै पक्ष आफन्त कायम भईहाल्छ। अर्थात तिनिहरु विच रगतको नाता भएको पुष्टि हुन्छ। डीह नमिलेमा विवाह हुन्छ। अचेल ३/३ वटा डीहको मिलान नभएपछि विवाह गर्ने प्रथा कायम भएको देखिन्छ।

३) छेक्का/रोक्का : घटकैती र देखासुनीको कार्य समाप्त भई सकेपछि केटी पक्षबाट केटाको घर गएर फलफुल, नयाँ बस्त्र, मिठाई, पान सुपाडी र गरगहनाहरु, दुवो, पान, हल्दी, रुपैया द्रव्य लिएर जान्छ र मांगलिक शुभकार्य विधि अनुसार केटाको हाथमा दिईन्छ। त्यसपछि दुवै पक्षले विवाहको लागि विधिवत मंजुरी दिएको कुरा समाजलाई जानकारी गराईन्छ। त्यसपछि ति केटा केटीलाई विवाहको लागि रोकेर राख्दछ। सो शुभ अवसरमा आफनो क्षमता अनुसार भोजभतेर गरिन्छ। यस शुभकार्यमा बडोमार्मिक र भावनात्मक लोक गीत महिलाहरुले गाउने गर्छ।

४) तिलक/लगन/चढौना : माथि उल्लेखित घटकैती, देखासुनी र छेक्काका सबै प्रक्रियाहरु सम्पन्न भई सकेपछि आलोपालो शुभ शायत हेरी केटा पक्षले केटीलाई र केटी पक्षले केटालाई उपहार दिदै टिका लगाइन्छ र आशिर्वाद दिइन्छ। विवाहको मिति पनि किटान गरिन्छ। हालमा आएर छेक्काको दिन नै तिलक पनि गर्ने चलन रहेको छ। विवाहको दिनलाई लगन भनिन्छ।

५) समान किनमेल : समय किटान भएपछि आपसी समभ्रुदारीमा केटा पक्षले केटी पक्षको लुगा, कपडा, बस्त्र गहना जेवर, सिंगारको समानहरु किन्ने गरिन्छ भने केटी पक्षले केटा पक्षको समानहरु किन्ने गरिन्छ। यसले दुवै परिवारमा मेलमिलाप गराउनुको साथै नजिक हुन पनि मदत्त गर्छ बताइन्छ।

६) मककटकोर/माँटी-कोडाई माथि उल्लेख गरेको विधिको समाप्ती पछि लगनको केही दिन पहिला कुल देवता (गासाँई) को बेरागन दिनको आधारमा मँटकोर/माँटी-कोडाई विधि हुन्छ। त्यही दिन देखी बेहुला र बेहुलीलाई उवटन लगाउन शुरुवात गरिन्छ। बेहुला र बेहुली आ आफनो घरमा संयम र नियन्त्रणमा रहन थाल्छ। घर/गाँऊ वाहिर घेरै जान हुदैन बताइन्छ। त्यही दिन साँभ्र रातमा महिलाहरुले घर नजिक रहेको कुवाँ/नदी/पोखरीमा गएर माटो लिन जान्छ। त्यही मध्ये केही माटो मिलाएर कलशको तल राखिन्छ भने केही माटोले लगनको चुलो बनाइन्छ। त्यही चुलोमा धानको लावा भुजिन्छ/बनाइन्छ। विवाहको समयमा बेदीको चारै तिर लावा छर्किन्छ। यस विधिमा पनि लोकगीत निकै प्रचलित रहेको छ। मँटकोरमा चना, चामल भिजाएर/फुलाएर अंकुरी, तेल, सिनुर, खिरपुरी आदी सहभागी सबै महिलालाई वितरण गरिन्छ। मँटकोरमा महिला हरुले बेहुलालाई बेहुलाको घर नजिकै र बेहुलीलाई बेहुलीको घर नजिकै कुवाँ/ नदी/पोखरी मा नुहाइन्छ/स्नान गराइन्छ।

७) घिउढारी : मककटकोर कै दिन बेहुला र बेहुली दुवैको घरमा विधि अनुसार घिउढारी पनि सु सम्पन्न गरिन्छ। गृहदेवता (गोसाँई) को स्थान, गृहदेवता घरको बाहिर र मंडप (मंडवा) बनाउने स्थानमा गाँईको ध्यु ढारिन्छ (पोखिन्छ)। यसमा पनि मगही लोकगीत गाईन्छ। यो विधि स्थान अनुसार फरक फरक हुन्छ। घिउढारी नगरेको महिलालाई गृहदेवता (गोसाई) लाई छाम्न, गृहदेवता भएको घर प्रवेश गर्न दिईदैन्। त्यसैले, घिउढारी विधि निकै महत्वपूर्ण विधि रहेको देखिन्छ। घिउढारी गरेको महिलाले गृहदेवताको पुजा आजा गर्न पाँउछ। यो विधि बेहुला र बेहुली दुवैको घरमा गरिन्छ। बेहुला र बेहुली भन्दा जेठो काका काकी, दाजु भाउजु, आमाबुवाले यो विधि सुसम्पन्न गर्ने गर्छ। घिउडारी गर्ने व्यक्तिले पहेलो रंगको वस्त्र कपडा लगाउनु पर्छ। बस्त्र पहिरणबाट घिउडारी गरेको व्यक्ति चिनिन्छ। गृहदेवता धरको ओसरा (बरण्डा) मा माटोले लगनको चुलो बनाइन्छ। त्यही चुलोमा धानको लावा जिन्द्र/बनाइन्छ। विवाहको समयमा बेदीको चारै तिर लाबा छर्किन्छ।

८) हल्दी रसम : बेहुला र बेहुली दुवैको घरमा हल्दी रसम गरिन्छ। हल्दी रसम आमा काकी दादीहरुले आर्शिवादको रुपमा लगान्छ भने भाउजु बहिनीहरुले मज्जाक गर्दै हल्दी लगाईन्छ। यस विधिमा पनि लोकगीत गाइन्छ। यसमा उबटन पनि लगाइन्छ।

९) दाल-सेराई दाल सेराईको अर्थ एक दिन विश्राम हुन्छ। अर्थात एक दिन महिलाहरु देवताको पुजा गर्ने र आफनो कुलको व्यबहार गर्ने चलन रहेको छ।

विवाहको दिनको विधि

१०) विवाहको मडवा (मण्डप) : केटीको घरको आगनमा मडवा (मण्डप) बनाइन्छ।

बांस, बाँसको बती, भाटा, खरको छानो छाई नयाँ माटोले मडवा बनाईन्छ। मडवालाई ध्वाजापातकाले रङ्गीचङ्गी बनाई सजाइएको हुन्छ। निकै आकर्षक रहेको र विवाहमा मडवाले घरको माहौललाई रमाईलो बनाएको हुन्छ। मडवा बनाउन भावपुर्ण लोकगीत गाइन्छ। मडवा बनाउन नदी वा पोखरी वा पवित्र स्थानबाट पाँच जना विवाहित महिलाहरुले माटो ल्याई मडवामा मिलाउनु पर्छ। माटो ल्याउन जाँदा र आउँदा मगही लोकगीत गाईन्छ। केराका थामहरु र अशोकका स साना हाँगाहरु चारै कुनामा राखिन्छ। मडवाको छेउमा बेदी बनाइन्छ। बेदी र मडवालाई गाँईको ताजा. गोवरले लिपिन्छ। र. डवाको चारै कुनामा आकर्षक अर्थपुर्ण चित्रहरु कोरिन्छ। नयाँ घरमा नयाँ बेहुला बेहुलीलाई विवाहको सबै संस्कार रीतपुर्वक पुरा गरि सुसम्पन्न गरिन्छ। अर्थात उहाँहरुको नयाँ जीवन नयाँ घरमा शुरुवात भएको मानिन्छ बताइन्छ। केटी पक्षले आँगनमा मडवा बनाउँदा केटीको हाथको नाप ५/७/११/१३ हातबाट नापेर मडवा बनाउन शुरुवात गरिन्छ। शुरुमा केटीले पाँच छिटी (ढाकी) माटो मडवामा राखी सकेपछि गाँऊको अरु मान्छेहरुले मिलेर मडवा तयार पारिन्छ।

नयाँ बाँसहरु काटेर ल्याईन्छ र त्यही बाँसको खम्बा, घरैन, कोरो, टाट, बती बनाईन्छ र बाँध्नको लागि सावेको खरौवा जोरी (डोरी) प्रयोग गरिन्छ। छानामा खरहौरको सुखा खरले छाप्रो बनाईन्छ। मडवामा सुखा बाँसको प्रयोग गरिदैन्।

११) नहछुर : यो विधि स्थान अनुसार फरक फरक समयमा गरिन्छ। कुनै कुनै ठाँऊमा बराती जाने बेलामा बेहुलाको कानीमा हल्का हजामबाट काट्न लगाईन्छ। चिन्ह मात्र जसबाट अलिकति खुन (रगत) एउटा मिट्टिको पात्रमा पानीसँग मिलाएर बेहुलीको घरमा लिएर जान्छ। कुनै कुनै स्थानमा नाखुन (नंड) काटेर बेहुलाको नहानको पानी लिएर बेहुलीको घर जान्छ भने कुनै कुनै स्थानमा विवाहको दोस्रो दिन नहछुर विधि सुसम्पन्न गरिन्छ। यो विधिलाई प्रेम र भावनाको प्रतिक मानिन्छ।

१२) बिलौकी : बराती प्रस्थान गर्नु भन्दा अगाडी समाजको अग्रजहरुवाट आशिर्वाद लिने चलन रहको छ। महिलाहरुले भावपूर्ण लोक गीत गाउँदै नजिकको केही घरहरुमा बेहलालाई लिएर जाने गर्दछ र जसको घरको अगाडी जान्छ त्यस घरको मान्छेले डाला सामग्रीहरु पान, सुपाडी, दही, दईभ (द्वो), हल्दी सोइठ, धान, द्रव्य आर्शिवादको रुपमा दिईन्छ र केटाले ढोग्ने गर्दछ।त्यस्तै केटीलाई पनि बिलौकी मागेर आर्शिवाद लिने चलन रहेको छ।

यसले सामाजिक एकता, सदभाव र प्रेमलाई दर्शाउँछ। तर, यो भौतिकवाद युगमा यो विधि लोप हुन लागेको छ जसले गर्दा विवाहको महत्व घटदै गएको र विवाह पश्चात विभिन्न समस्या आउने गरेको देखिन्छ। समग्रमा भन्नु पर्दा विवाहको सबै संस्कार विधिपर्वक गर्ने हो भने एकता, प्रेम, सदभाव र वैचारिक भावना मजबूत हुने विश्वास गरिन्छ।

१३) आम बहु वियाह (विवाह) : बेहुला (दुलहा)ले बराती सहित घरवाट प्रस्थान गर्नभन्दा अगाडी विधिपुर्वक आफनै घरमा बाजागाजाको साथमा बारीको आँप गाडी (जन गाछी आफै उमेरको छ, त्यो गाछीमा गएर आम बहु वियाह (विवाह) गरिन्छ। त्यसवेला आँपको चारै तिर डोराले १० पटक आँपको बोटमा बेहुला (दुलहा) ले घमेर बाँध्ने गर्दछ। साथै, सिन्दुर, चामलको पिठार, पान, सुपाडी राख्दै आपको पात टिपेर डोरा सहित दुलहा (बेहुला) को मान्छेले बेहुलीको घर लिएर आउँछ र कन्या दान गर्ने बेलामा कंगनको बेलामा दुलहालाई बाँधिन्छ।

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।

# लागुऔषध ब्राउन सुगर सहित १५ जना पक्राउ

विराटनगर। कोशी प्रदेशको विभिनन जिल्लाबाट लागु औषध सहित प्रहरीले २० जना लाईपक्राउ गरेका छन्।

साउन १५ गते मोरङको विराटनगर महानगरपालिका-१५ स्थितबाट इलाका प्रहरी कार्यालय रानी र लागू औषध नियन्त्रण ब्यूरो विराटनगरको संयुक्त टोलीले सुन्दरहरैंचा नगरपालिका-१२ का २६ वर्षीय प्रेम अछामीलाई १२ ग्राम ५०० मिलिग्राम ब्राउन सुगर र प्र.०२-०४८ प ६१३९ नम्बरको स्कुटर सहित पक्राउ गरेको थियो।

यसैगरी मोरङको रतुवामाई नगरपालिका-१० बाट इलाका प्रहरी कार्यालय सिजुवाले उर्लाबारी-आमबारी सडकखण्डमा को १ ख ४३७३ नम्बरको मिनी ट्रकमा लुकाई राखिएको १ हजार ३३ किलो ४८४ ग्राम गाँजा बरामद गर्दै ट्रक चालक धनकुटाको पाख्रीबास नगरपालिका-९ हिलेका २८ वर्षीय उमेश तामाङलाई नियन्त्रणमा लिएको थियो।

त्यसैगरी मोरङको लेटाङ नगरपालिका-२ धोबीबाट इलाका प्रहरी कार्यालय लेटाङले सोही स्थानकी २७ वर्षीया प्रमिला लामाको घरमा खानतलासी गर्दा ट्रामाडोल १५० ट्याब्लेट र स्पासपेन १५० ट्याब्लेट फेला पारी पक्राउ गरेको छ।

त्यस्तै भ्रुापाको दमक नगरपालिका-५ आकाशे पुलस्थितबाट इलाका प्रहरी कार्यालय दमकले सुनसरीको इटहरी उपमहानगरपालिका-२० तरहराका ३४ वर्षीय बुद्ध राई, मोरङको मिक्लाजुङ गाउँपालिका-२ की २३ वर्षीया रोमी लिम्बु र भ्रुापाको दमक नगरपालिका-७ का २९ वर्षीय करण मल्लिकको साथबाट २ ग्राम ५२० मिलिग्राम ब्राउन सुगर, ट्रामोल ४ हजार ९६० क्याप्सुल र को ३४ प २६८९ र मे ६ प १८२७ नम्बरको स्कुटर सहित तिनैजनालाई पक्राउ गरेको थियो।

इलाका प्रहरी कार्यालय काकँरभिट्टा र लागू औषध नियन्त्रण ब्यूरो काकँरभिट्टाबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले तेह्रथुमको मेन्छयायेम गाउँपालिका-३ घर भई हाल भ्रुापामा बस्दै आएका २२ वर्षीय अजय सुनारलाई १ ग्राम ५८० मिलिग्राम लागू औषध ब्राउन सुगर सहित मेनीनगर नगरपालिका-६ स्थितबाट नियन्त्रणमा लिएको थियो। यसैगरी इलाका प्रहरी कार्यालय रानी मोरङ र लागू औषध नियन्त्रण ब्यूरो विराटनगरबाट चेकजाँचमा खटिएको प्रहरी टोलीले विराटनगर महानगर पालिका-१५ स्थितबाट मोरङ केराबारी गाउँपालिका-८ का २३ वर्षीय किरण थापालाई ३७० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो। यसकासाथै विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिला उदयपुरबाट खटिएको प्रहरी टोलीले बेलका नगरपालिका-५ स्थितबाट सोही स्थानका २६ वर्षीय खगेन्द्र महतलाई ट्रामोल १०० क्याप्सुल र स्पास्पेन १०० ट्याब्लेट सहित नियन्त्रणमा लिएको थियो।

मोरङको रतुवामाई नगरपालिका-२ हरुचौक स्थितबाट साउन-१३ गते दिउँसो इलाका प्रहरी कार्यालय डोरियाबाट खटिएको प्रहरी टोलीले रतुवामाई-८ का २३ बर्षीय समिर कट्वाल र २३ बर्षीय समिर भुजेललाई ब्राउन सुगर ६५० मिलिग्राम सहित पक्राउ गरिएको थियो। यस्तै मोरङको विराटनगर महानगर पालिका-४ स्थित विराटनगर विमानस्थलमा चेकजाँच गर्ने क्रममा विराटनगर महानगर पालिका ९ स्थित महेन्द्रचौकमा संचालनमा रहेको एक्सपोक्स प्रेस कुरियर मार्फत विराटनगर बस्ने राघव भ्रुा नाम गरेको व्यक्तिले काठमाडौं मनमैजु तारकेश्वर बस्ने अशोक विश्वकर्मालाई पठाएको जुत्ता भित्र लुकाई छिपाई राखेको ब्राउन सुगर १८ ग्राम ४८० मिलिग्राम फेला परे पश्चात उक्त समान कुरियर गर्न आउने विराटनगर महानगरपालिका ५ का २४ बर्षीय सुशान्त खड्कालाई पक्राउ गरिएको थियो।

यस्तै मोरङको सुन्दरहरैचा नगरपालिका १० मुनालभ्रुोडा स्थितबाट इलाका प्रहरी कार्यालय बेलबारीले सोही स्थानका ५६ बर्षीय बल बहादुर राईको घरबाट १ नाल भरुवा बन्दुक र गाँजा १.५ किलोग्राम बरामद भए पश्चात उनलाई पक्राउ गरिएको थियो।

भ्रुापाको भ्रुापा गाउँ पालिका ४ स्थितबाट इलाका प्रहरी कार्यालय कुमरखोद र प्रहरी चौकी टाघनडुब्बाबाट खटिएको प्रहरी टोलीले भ्रुापा गौरादह नगरपालिका ४ का २७ बर्षीय प्रकाश दियालीलाई ब्राउन सुगर ३ ग्राम ०१० मिलिग्राम सहित पक्राउ गरेको थियो। यसै गरी हिजो दिउँसो भ्रुापाको मेचीनगर नगरपालिका १० चाँदनी चौक स्थितबाट इलाका प्रहरी कार्यालय धुलाबारीबाट खटिएको प्रहरी टोलीले मेचीनगर-९ का ३० बर्षीय छोटु सहनीलाई ब्राउन सुगर १ ग्राम २५० मिलिग्राम सहित पक्राउ गरेको छ।

पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ।



# धनपालथान गाउँपालिकाको सिप मूलक तालिमले रोजगारी वृद्धिमा मद्दत



**विद्यानन्द चौधरी**

मोरङ जिल्लाको दक्षिणी भेगमा अवस्थित धनपालथान गाउँपालिले पछिल्ला वर्षहरूमा युवाको क्षमता विकास, रोजगारी सिर्जना र सरकारी सेवामा पहुँच विस्तार गर्ने अभियानमा सक्रिय रूपमा अघि बढाएको छ। लोकसेवा तयारी कक्षादेखि निःशुल्क सीपमूलक तालिमसम्मका कार्यक्रम सञ्चालन गर्दै गाउँपालिकाले युवाहरूलाई अवसरसँग जोड्ने प्रयासलाई प्राथमिकता दिएको हो।

साविकका नोचा,कदमाहा, दादरबैरिया, अमाही बरियाती र सोराभाग गाविसलाई समेटेर वि.सं. २०७३ सालमा धनपालथान गाउँपालिका गठन भएको हो। यसमा सातवटा वडा समेटिएका छन्। कृषि उत्पादन, धार्मिक सम्पदा र सांस्कृतिक विविधताका लागि यो गाउँपालिका परिचित छ। गाउँपालिकाको नाम ऐतिहासिक राजा धनपालथान मन्दिरबाट राखिएको हो, जसले यस क्षेत्रको ऐतिहासिक पहिचानलाई समेत उजागर गर्दछ।

गाउँपालिकाले पछिल्लो सयम युवालाई रोजगारीमा जोड्न लोकसेवा तयारी कक्षा चलाइ रहेको छ। यसमा युवाको आकर्षण बढ्दै गएको पाइन्छ।सरकारी सेवामा प्रवेश गर्ने सपना बोकेका युवाहरूका लागि गाउँपालिकाले सञ्चालन गरेको निःशुल्क लोकसेवा तयारी कक्षामा उत्साहजनक सहभागिता देखिएको छ। प्रतिस्पर्धात्मक परीक्षामा सफल हुन आवश्यक सामान्य ज्ञान, संविधान, प्रशासन, समसामयिक विषय, गणित, तर्कशक्ति तथा भाषासम्बन्धी विषयमा नियमित अध्यापन भइरहेको छ।

धनपालथान गाउँपालिकाले सञ्चालन गरेका विभिन्न सीपमूलक तालिमहरू प्रभावकारी बन्दै गएको जनाइएको छ। गाउँपालिका उपाध्यक्ष नसिमा बानोका अनुसार युवालाई लक्षित गरी सञ्चालन गरिएका तालिमबाट धेरै युवाले स्वरोजगारको बाटो समातेका। उनले भनिन्,"गाउँपालकिाले युवाहरुलाई सरकारी सेवामा प्रवेग गराउन र रोजगारीका अवसर सिर्जना गर्न तयारी कक्षा संचालन गरेको हो।" उनका अनुसार कतिपय युवाले सीपमुलक तालिम लिएर वैदेशिक रोजगारीमा समेत गइसकेका छन्।

उपाध्यक्ष बानोले पहिलो चरणका तालिम सफल भएकाले दोस्रो चरणमा पनि तालिम सञ्चालन गरिने जानकारी दिँदै तालिमपछि समूह गठन गरेर व्यवसाय सञ्चालन गर्न चाहनेलाई गाउँपालिकाले आर्थिक सहयोग समेत उपलब्ध गराउने योजना रहेको बताइन्।

यसैगरी वडा नं. ३ ले हालै साबुन तथा फिनेल बनाउने सीपमूलक तालिम सम्पन्न गरेको छ भने वडा नं. ४ ले कुलत तथा लागू पदार्थ दुर्व्यसनी न्यूनीकरणका लागि युवालक्षित कार्यक्रम सम्पन्न गरेको जनाएको छ।

स्थानीय तहले सञ्चालन गरेका यस्ता सीपमूलक तथा जनचेतनामूलक कार्यक्रमबाट युवाहरू लाभान्वित भएका छन्। तालिमपछि कतिपयले आफ्नै व्यवसाय सुरु गरी आम्दानी गर्न थालेका छन् भने केहीले रोजगारीसमेत प्राप्त गरेका छन्। गाउँपालिकाले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

कक्षामा सहभागी युवाहरूले यस्तो कार्यक्रमले आफ्नो आत्मविश्वास बढाएको, अध्ययन गर्ने वातावरण सिर्जना गरेको तथा आर्थिक भारसमेत कम भएको बताएका छन्। विशेषगरी आर्थिक रूपमा कमजोर तर प्रतिभाशाली युवाका लागि यो कार्यक्रम प्रभावकारी बनेको उनीहरूको अनुभव छ।

गाउँपालिकाका जनप्रतिनिधि हरूका अनुसार युवालाई रोजगारी र अवसरसँग जोड्ने उद्देश्यले लोकसेवा तयारी कक्षा सञ्चालन गरिएको हो। नियमित अध्ययन, अनुशासन र प्रति स्पर्धात्मक क्षमताको विकासमा यस कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याइरहेको विश्वास गरिएको छ।

सीप सिकेर स्वरोजगारतर्फ

लोकसेवा तयारीसँगै गाउँपालिकाले बेरोजगार युवायुवतीलाई लक्षित गर्दै निःशुल्क सीपमूलक तालिम सञ्चालन गर्न लागेको छ। गाउँपालिकाको समन्वय तथा पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रालिको आयोजनामा सञ्चालन हुने तालिम आर्थिक सहयोग कार्यक्रमअन्तर्गत दोस्रो समूहका लागि ल्याइएको हो।

तालिमअन्तर्गत सिलाइ तथा बुटिक, हाउस प्लम्बर तथा सेनेटरी फिक्सर, इलेक्ट्रिसियन तथा मोबाइल मर्मत तथा सौर्य तथा इनभर्टर जडानजस्ता व्यावसायिक विषय समेटिएका छन्। सिलाइ तथा बुटिक, हाउस प्लम्बर तथा सेनेटरी फिक्सर र इलेक्ट्रिसियन तथा मोबाइल मर्मत तालिम चार महिनाको हुनेछ भने सौर्य तथा इनभर्टर जडान तालिम पाँच महिनासम्म सञ्चालन हुने।

१५ देखि ४० वर्ष उमेर समूहका युवायुवतीले तालिममा आवेदन दिन सक्नेछन्। सिलाइ तथा बुटिक र प्लम्बर तालिमका लागि सामान्य लेखपढ भए पुग्ने व्यवस्था गरिएको छ भने इलेक्ट्रिसियन, मोबाइल मर्मत तथा सौर्य-इनभर्टर जडान तालिमका लागि कम्तीमा कक्षा ८ उत्तीर्ण हुनुपर्नेछ।

गाउँपालिकाका अनुसार सम्पूर्ण तालिम निःशुल्क हुनेछ। सहभागीका लागि खाना तथा बस्ने व्यवस्था निःशुल्क गरिनुका साथै प्रत्येक महिना एक हजार रुपैयाँ भत्ता उपलब्ध गराइनेछ। साथै, आउजाउका लागि एक पटकको बसभाडा पनि प्रदान गरिने व्यवस्था गरिएको छ।

युवामैत्री अभियान

धनपालथान गाउँपालिकाले शिक्षा, सीप र रोजगारीलाई एउटै सूत्रमा जोडेर युवालाई सक्षम बनाउने नीति अवलम्बन गरेको देखिन्छ। एकातर्फ लोकसेवा तयारीमार्फत सरकारी सेवामा प्रवेश गर्ने आधार तयार भइरहेको छ भने अर्कोतर्फ सीपमूलक तालिममार्फत स्वरोजगार र वैदेशिक रोजगारीका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने प्रयास भइरहेको छ।

# एक हप्ताको कहानी

**सोनु साह**

विराटनगर। मोरङको रंगेलीमा एउटा यस्तो आपराधिक घटना, जसले जिल्लामात्र होइन, देशभरको ध्यान तानेको छ। पछिल्लो समय आपराधिक घटना दिनप्रतिदिन बढ्दै गएको देखिन्छ। तीमध्ये पनि बालिकामाथि भएको यौन हिंसासम्बन्धी यो घटना अत्यन्त गम्भीर र चिन्ताजनक छ।

घटनाको सुरुवात साउन ३ गतेबाट भए पनि करिब एक सातापछि मात्र यसको वास्तविक स्वरूप सार्वजनिक भएको हो। सुरुमा सामान्य हराएको सूचनाका रूपमा रहेको यो घटना अनुसन्धान अघि बढ्दै जाँदा जबरजस्ती करणी र सामूहिक जबरजस्ती करणी जस्ता जघन्य अपराधसँग जोडिएको विषयका रूपमा बाहिर आएको हो।

प्रहरी अनुसन्धान अनुसार, १२ वर्षीया एक बालिका साउन ३ गते रंगेली स्थित संसारीमाई मन्दिर पुगेकी थिइन्। रंगेली बजार जाने मुख्य सडकको दक्षिणतर्फ रहेको संसारीमाई स्थान धार्मिक तथा पर्यटकीय दृष्टिले महत्त्व पूर्ण स्थल मानिन्छ। यहाँ स्थानीय भक्तजनका साथै भारतबाट समेत श्रद्धालु र पर्यटकहरू आउने गर्छन्। मन्दिर परिसरमा तस्बिर खिच्ने क्यामेरामेनहरू पनि नियमित रूपमा बस्ने गरेका छन्। प्रहरी अनुसन्धानका अनुसार घटनाको सुरुवात पनि यही क्षेत्रबाट भएको देखिएको छ।

घटना साउन ३ गते आइतबार

पीडित बालिकाले प्रहरीमा दिएको बयान अनुसार, साउन ३ गते आइतबार बिहान करिब ९ बजे संसारीमाई मन्दिर जाने क्रममा रंगेली नगरपालिका(३ निवासी १८ वर्षीय मोहम्मद अरमानले चलाएको सिटी सफारीमा चढेकी थिइन्। पीडित र अरमान बीच यसअघि नै सामान्य चिनजान थियो।

दुवै जना संसारीमाई मन्दिर पुगेपछि केही समय मन्दिर परिसरमा घुमफिर गरेका थिए। त्यसपछि अरमानले बालिकालाई खाना खान जाऔँ भन्दै मन्दिरबाट करिब एक सय मिटरको दूरीमा रहेको युमी क्याफेमा लगेका थिए।

क्याफेमा पुगेपछि उनीहरूले सुरुमा चिसो पेय पदार्थ पिएका थिए भने त्यसपछि खाना मगाएका थिए। खाना खाइसकेपछि अरमानले उनलाई बियर पिउन प्रस्ताव गरेका थिए। आफूले बियर नपिउने भन्दै अस्वीकार गरे पनि गिलासमा रहेको पेय पदार्थ पिएपछि शरीर असहज भएको, टाउको दुख्न थालेको र रिङ्गटा लाग्न थालेको उनले बयानमा उल्लेख गरेकी छन्।

बयानअनुसार रात पर्दै गएपछि अरमानले उनलाई क्याफेको पछाडिपट्टि रहेको एउटा सानो कोठामा लगेका थिए। त्यहाँ आफूले प्रतिरोध गर्दै पटक(पटक नगर्न आग्रह गरे पनि अरमानले जबरजस्ती करणी गरेको पीडितको भनाइ छ। पीडितका अनुसार राति करिब १० देखि ११ बजेको बीचमा अरमानले आफूलाई कोठामै छाड्दै "भोलि आएर लैजान्छु" भनेपछि त्यहाँबाट निस्किएका थिए।

त्यसपछि आफू कोठामा एक्लै रहेको अवस्थामा सोही क्याफेका सञ्चालक सुनवर्षी नगरपालिका(९ निवासी २१ वर्षीय सुमन कुमार साह कोठामा प्रवेश गरी रातभर आफूमाथि जबरजस्ती करणी गरेको पीडितले प्रहरी समक्ष बताएकी छिन्। पीडितले घटनाका क्रममा आफ्नो हात बाँधिएको, मुखमा कपडा हालिएको र प्रतिरोध गर्ने वा सहयोगका लागि गुहार माग्ने अवस्था नरहेको बताएकी छन्। आफूले पटक(पटक यस्तो नगर्न आग्रह गरे पनि कसैले आफ्नो आवाज नसुनेको उनले प्रहरीलाई बताएकी छन्।

घटनाको दोस्रो दिन साउन ४ गते सोमबार

पीडित बालिकाका अनुसार, घटनाको भोलिपल्ट अर्थात् साउन ४ गते बिहान युमी क्याफेका सञ्चालक सुमन कुमार साहले उनलाई होटलबाट निस्किन र घर फर्किन भनेका थिए। तर अघिल्लो रात आफूलाई भोलि आएर लैजाने आश्वासन दिएका मोहम्मद अरमानको प्रतीक्षामा उनी बिहानसम्म क्याफे आसपासमै बसेकी थिइन्।

केही समयपछि अरमान त्यहाँ आएका थिए। उनले बालिकालाई ५० रुपैयाँ दिँदै, "तिमी खाजा खाँदै गर, म साथीलाई मन्दिरमा छोडेर आउँछु" भनेका थिए। त्यसपछि उनी त्यहाँबाट निस्किए पनि पुनः फर्किएनन्। अरमान नफर्किएपछि बालिका साथीको घरमा लुगा लिन गएकी थिइन्। त्यसपछि उनी पुनः संसारीमाई मन्दिर क्षेत्रमा पुगेकी थिइन्। त्यही क्रममा मन्दिर परिसरमा तस्बिर खिच्ने काम गर्ने करण मण्डल (गोलु) सँग उनको चिनजान भएको थियो। पीडितका अनुसार उनले करणलाई आफ्नो तस्बिर खिच्न भनेकी थिइन्। त्यसपछि उनीहरूले केही तस्बिर र पाँचवटा टिकटक भिडियो समेत बनाएका थिए।

पीडितका आफन्तका अनुसार बालिका १२ वर्षकी भएकाले सजिलै अरूको विश्वास गर्ने स्वभाव रहेको उल्लेख गरेकी छन्। उनी आर्थिक रूपमा कमजोर परिवारकी भएकाले राम्रो लुगा लगाउने, तस्बिर खिच्ने र टिकटक बनाउने चाहना राख्थिन्। परिवारको आर्थिक अवस्था कमजोर भएकाले उनका सबै चाहना पूरा हुन सकेका थिएनन्।

पीडितका आफन्तको भनाइअनुसार, यही अवस्थाको फाइदा उठाउँदै करण मण्डलले उनीसँग नजिकिने प्रयास गरेका थिए। उनले प्रेम प्रस्ताव राख्नुका साथै राम्रो लुगा किनिदिने, विराटनगरमा काम लगाइदिने र सहयोग गर्ने आश्वासन दिएका थिए। ती आश्वासनपछि बालिका उनीसँग जान तयार भएकी थिइन्।

त्यसपछि करणले उनलाई खाना खान जाऔँ भन्दै संसारीमाई मन्दिरबाट करिब २०० मिटरको दूरीमा रहेको द ९० क्याफेमा लगेका थिए। त्यहाँ उनलाई एउटा कोठामा राखिएको पीडितले बताएकी छन्। उक्त कोठामा करण मण्डल, रंगेली(७ निवासी १८ वर्षीय प्रियान्सु साह तथा रंगेली(६ निवासी १८ वर्षीय रितिक यादवले रातभर पालैपालो आफूमाथि जबरजस्ती करणी गरेको पीडितको आरोप छ। घटनाका क्रममा आफ्नो मुख थुनिएको, हात बाँधिएको तथा आफूले प्रतिरोध गर्दा पेट दुखिरहेको बताएपछि कुन औषधि हो भन्ने थाहा नभएको एउटा औषधि

वांकी अन्तिम पेजमा...

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।

## एआई...

परिवर्तनपछिको नयाँ सरकारले मधुमास व्यतीत गर्न नपाउँदै यसलाई ढाल्ने र सत्तोसराप गर्ने जुन उपक्रम देखिएका थिए, त्यस्तो स्थिति सामना यो सरकारले गर्नु परेन ।

यस पटक सामान्यतया केही अपवाद छाडेर सबै क्षेत्र र तप्का चुपचाप बसेरै भए पनि यस सरकारको मौन समर्थनमा रहे। यसको सफलताको कामना गरे ।

लामो समयदेखिको फोहोर सफा गर्ने कुरा त्यत्ति सजिलो र जादुको छडीजस्तो आजको भोलि हुने कुरा होइन । कतिपय कानुन, प्रक्रिया र प्रणाली परिवर्तन गर्न स्वभावत: लामो समय लाग्छ । कतिपय वाचा गरिएका काम गर्न हाम्रो स्रोत धान्न नसक्ने पनि हुनसक्छ र लामै समय लाग्न सक्छ ।

मूल रूपमा आमनागरिकले पनि आजको भोलि नै सबै कुरा परिवर्तन वा सुधार हुन्न भन्ने बुझेको वा महसुस गरेको हुन्छ । त्यसैले नयाँ सरकारले कस्तो सुरूआत गर्छ, कुन दिशामा अघि बढ्छ, कस्तो व्यवहार र प्रवृत्ति देखाउँछ, त्यसकै आधारमा आमनागरिकले उसको बारेमा धारणा बनाउने हुन्, छोटो समयमै स्थायी मूल्यांकन गरिहाल्दैनन् ।

यसबीचमा कतिपय सरकारी निकायमा कामले जाँदा हिजोको उही कर्मचारी, उही प्रक्रिया र प्रणाली भए पनि सेवा प्रवाहमा गुणात्मक परिवर्तन भएको पाएको छु । कर्मचारी वा सेवाप्रदायकको व्यवहारमा उल्लेख्य परिवर्तन देखिन्छ । लोभ र अतिरिक्त आयको खोजीको क्रम घटेको छ । खुल्लमखुल्ला हुने अनियमित लेनदेन लुकेको वा हराएको छ । समाजको प्रत्येक क्षेत्रमा देखिएका अराजकतामा केही कमी आउँदै गरेको आभास हुन्छ । अनुसाशनहीनताले गाडेको जरा क्रमश: उखेलिँदै जाने आशा पलाएको छ ।

यी यावत सकारात्मक कुराहरूको पृष्ठभूमिमा सरकार बनेको १०० दिन कट्न नपाउँदै सुरूको उत्साहको ग्राफ क्रमश: तल जान थालेको, निराशा घट्दै जानुपर्नेमा डर वा त्रास आम रूपमा बढ्दै गरेको अन्दाज गरेको छु । यो निश्यय नै सुखद स्थिति होइन ।

यसो सुन्छु, पढ्छु र केहीसँग संवाद गर्छु, धेरै क्षेत्रमा हिजोको निराशाको पाटो कम हुन नपाउँदै अहिले त्रास थपिएको अनुभूति हुन्छ । सरकारका मन्त्री वा सांसद वा अदालत वा संवैधानिक अंगहरू, वर्तमान वा सेवानिवृत्त कर्मचारी वा पदाधिकारी वा नागरिक समाज वा मिडिया वा उद्योगी वा व्यापारी वा लगानीकर्ता वा अन्य कुनै पनि पेसा र व्यवसायी वा सुरक्षाकर्मी वा विद्यार्थी वा राजनीतिज्ञ-खुलस्त बोल्न, विचार राख्न वा कुरा गर्न डराएको आभास हुन्छ ।

जेनजी आन्दोलनका नेतृत्व कर्ताहरू समेत भय र त्रासमा देख्छु । सबै क्षेत्र एक किसिमले डरलाई भित्रभित्रै लुकाएर पर्ख र हेरको अवस्थामा रहेको अनुमान गर्न गाह्रो छैन । यस्तो अवस्था लामो समय रहनु कुनै हिसाबले उन्नत र आशामुखी समाज निर्माणमा सहयोगी हुन सक्दैन ।

यो डरको परिदृश्यले म आफैमा कताकता अर्कै डर पलाउन खोज्छ । नेपालले दस-दस वर्षमा हुने ठूला परिवर्तनको चक्र अब तोडिने छ, देशको राजनीतिले स्थिरता पाउने छ भन्ने ठूलो आशा ममा थियो र अझै पनि छ । तर कहीँ हिजोको त्यो निराशा र नयाँ उब्जेको डरको संगम त हुने होइन भन्ने डरले पिरोल्छ ।

डर लाग्ने कारण अरू दुइ पनि छन्। त्यो हो, हिजोका वर्षहरूमा दस-दस वर्षको चक्र चले पनि अहिलेको संसारको परिवेश हेर्दा अब नागरिकमा १० वर्ष त के, ५ वर्ष पनि कुर्ने धैर्य नहुन सक्छ ।

अर्को भनै कहालिलाग्दो हाम्रो संसदीय राजनीतिक इतिहास छ । अर्थात, २००७ सालयताका बहुमतप्राप्त सबै सरकार असफल हुनुमा विरोधी दलहरू होइनन्, अपितु आफ्नै दलभित्रको आन्तरिक कारण रहेका छन् । आजको आवस्यकता भनेको विगतका यी सबै गलत अभ्यासको निरन्तरताको क्रमभंग हो ।

स्वाभाविक रूपमा आफ्नै मनमा बारम्बार प्रश्न उब्जन्छ-छिटोभन्दा छिटो राम्रो गर्ने हुटहुटीमै यी सबै प्रयास गरिएका कुरा बुझ्न गाह्रो छैन । नियतमा शंका गरिहाल्नुपर्ने देख्दिनँ। तर किन यो सरकारले पुरानो निराशा चिर्न र आशा जगाउन वाञ्छित मात्रामा सकेन त ?

यसको कुनै अध्ययन वा अनुसन्धान भएको छैन, त्यसैले यकिन रूपमा यही कारण हो भन्न सकिन्न। तर सर्सर्ती हेर्दा यसका केही दृश्य कारण अड्कल गर्न नसकिने पनि होइन ।

मेरो आफ्नै देखाइमा-

१) राष्ट्रको स्रोतसाधन र क्षमता र सरकारले गरेका बाचाका बीचमा तालमेल हुन सकेन । आशा धेरै जगायो, छोटो समयमा धेरै गर्न सकिने अवस्था थिएन, सुरूमै विचार पुर्‍याइएन ।

२) कतिपय कार्यक्रमहरू हचुवाका भरमा सुरू गरियो, सतहको यथार्थता बुझ्ने प्रयासमा सरकार चुक्यो । यसले असल गर्न खोज्दाखोज्दै ढंग नपुगेर उल्टो असर परेको घटनाका रूपमा सुकुम्बासी प्रकरण ताजै छ ।

३) प्रश्नसँग डराउने वा भाग्ने प्रवृत्ति सरकारका लागि त्यति सहयोगी बनेको देख्दिनँ । लोकतन्त्र बलियो बनाउने एउटा शक्तिको रूपमा रहेको हुन्छ, प्रश्न। जति धेरै प्रश्न सोधिन्छ, त्यसले लोकतन्त्रलाई परिष्कृत र सरकारलाई बलियो बनाउन त्यत्ति नै मलजल गरेको हुन्छ । अझ सरकार वा जिम्मेवारहरूमाथि कुनै नागरिकले प्रश्न उठाउँदा सामाजिक सञ्जाल दुरूपयोग गरेर प्रश्नकर्ताको तेजोबध गर्ने प्रवृत्तिले त्रास मात्र बढाउन्न, अन्ततः यो स्वयं सत्तालाई नै चुनौती बन्न सक्छ ।

४) नेपालीमा एउटा उखान छ, 'कुरा सुन्नु बुढाको आगो ताप्नु मुढाको '। यो उखान लहडमा बनेको होइन जस्तो लाग्छ । वर्तमान सरकार वा संसदले गरेका कतिपय कामकुरा उल्टिनु वा असफल हुनु, कहीँ त्यो नेपाली उखानको मर्म अनुसार नचल्दाको परिणाम त होइन ? नयाँको सोच, आँट र प्रतिबद्धतामा पाको अनुभवको संयोजन कतिपय अवस्थामा सहयोगी हुन सक्ने थियो होला, सकारात्मक परिणाम दिन ।

५) अविश्वासले खाडल बढाउँछ, विश्वासले सहकार्यको आधारशिला तयार गर्छ । सुनिन्छ, हालको सरकार सञ्चालनको एउटा प्रमुख हतियार अविश्वास बनेको छ । दसकौंको सार्वजनिक जीवनको मेरो अनुभवले भन्छ- विश्वासले अझ जिम्मेवार बनाउँछ र परिणाम प्राप्तिमा सहयोगी बन्छ ।

६) हरेक क्षेत्र स्वअनुशासित भएर भित्रैदेखि आफैले महसुस गरी आएको परिवर्तन दिगो हुन्छ । डर वा त्रासमा परिवर्तन भएको व्यवहार त्यस्तो त्रासको कारण नदेखिएपछि त्यो स्वत: हराएर जान्छ भन्ने कुराको हेक्का नेतृत्व वर्गको दिलदिमागमा हरबखत रहनुपर्छ ।

७) लोकतान्त्रिक शासन विधि, प्रक्रिया र प्रणालीबाट सञ्चालन हुने हो । व्यक्तिको नियत र भूमिका महत्त्वपूर्ण हुन्छ, तर संरचना र प्रणाली दह्रो भएन भने व्यक्ति फेरिनेबित्तिकै पुरानो लयमा फर्किने डर हुन्छ । यस हिसाबले व्यक्ति चयनका अलावा दह्रो संस्था, संरचना, प्रक्रिया, प्रणाली र विधि निर्माण गर्ने कुरा उच्च प्राथमिकतामा रहनुपर्छ ।

८) अझ सबभन्दा महत्त्वपूर्ण तत्व भनेको त सरकार र दलका बीचमा गज्जबको तालमेल हुनुपर्छ । भित्री कुरा मलाई थाहा हुने कुरा भएन, तर मिडियामा बेलाबखत आउने कुराले त्यति राम्रो संकेत गर्दैन । हुन त मिडियामा आउने सबै कुरा सत्य नहुन सक्छन्। यो मामिलामा पनि ती कुरा असत्य रहून् मेरो कामना छ ।

नेपालको विकासको इतिहासमा सम्भवत: सबभन्दा बढी आर्थिक वृद्धि भएको २०४८ देखि २०५१ सालको अवधि हो । त्यतिखेर पहिलो जनआन्दोलनपछिको निर्वाचित सरकारले बसालेको नीतिगत जगमै हामी यहाँसम्म आइपुगेका छौं ।

त्यस बखत नागरिक, राजनीतिज्ञ, राष्ट्रसेवक सबैको एउटै प्रतिबद्धता थियो, राष्ट्र निर्माण। तीसवर्षे पञ्चायत शासन ढलेपछि सबै क्षेत्रको नयाँ नीति तर्जुमा, संरचनाहरूको व्यवस्थापन, दरबारको शक्ति सिंहदरबारमा आएपछिको व्यवस्थापन जस्ता जटिल चुनौती थिए। नागरिक उत्साहका साथै नागरिक अपेक्षा पनि उत्तिकै बढेका थिए। त्यस बखतको एउटा घटना अहिले पनि सहयोगी बन्न सक्ला कि भनेर स्मरण गर्न चाहेँ ।

तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला ब्युरोक्रेसीलाई पूरा विश्वास गर्नु हुन्थ्यो। उहाँलाई सही गराउन लगेका चिठीहरू उहाँले कहिल्यै पढ्न आवश्यक ठान्नु भएन, केवल सोध्नु हुन्थ्यो-सबै ठिक छ नि ?

हामी कुरा पनि गर्थ्यौं, उहाँको राजीनामा लेखेर लग्यो भने पनि सही गर्नु हुन्छ होला। मन्त्रिपरिषदको निर्णय प्रक्रिया र कार्यान्वयनमा २०४४ सालदेखि २०४८ सालसम्म संलग्न हुँदा त्यस बखतका प्राय: सबै प्रधानमन्त्रीमा धेरथोर यो गुण पाएँ ।

एक पटकको घटना सम्झन्छु, जुन बेला म गृहसचिव थिएँ ।

प्रधानमन्त्री निकटका कसैले उहाँले भनेको अमूक काम गर्दिनुपर्‍यो भन्ने कुरा आयो । यसो हेरेँ, त्यो माग पूरा गर्दा प्रधानमन्त्री र उहाँको संस्थालाई क्षति पुर्‍याउने प्रकृतिको लाग्यो। त्यत्तिकै थन्क्याएको थिएँ ।

थप दबाब आउन लागेपछि प्रधानमन्त्रीलाई भेटेर मैले आएको दबाबका बारेमा भनेँ र त्यसको परिणामबारे पनि कुरा गरेँ ।

'तपाईंले कुनै काम अह्राउनुपर्‍यो भने सिधै मलाई भन्नोस्, तेस्रो व्यक्तिमार्फत नभनाउनु होला' भन्दा उहाँ छक्क पर्नुभयो ।

उहाँले त्यो कुरा गरेकै होइन रहेछ । बीचकाले उहाँलाई भजाउन खोजेका रहेछन् । मेरो कुरा सुनेपछि उहाँले 'तपाईंले त्यो काम नगरेर ठिक गर्नु भएछ' भन्दै धन्यवाद दिनुभयो ।

'मेरो त तपाईंसँग पहुँच छ र भन्न सकेँ, अरूलाई पनि त्यही भएको हुनसक्छ' भनेर मैले आफूलाई भनेको कुरा सबै सचिवलाई भन्दा राम्रो होला भनेर आग्रह गर्दा उहाँलाई चित्त बुझेछ ।

उहाँले तत्कालै सबै सचिवहरूको बैठक बोलाउन मुख्य सचिवलाई अह्राउनुभयो ।

बैठकमा उहाँको भनाइ रह्यो- यदि मेरो नाम लिएर कहीँ कसैले नहुने काम गर्न दबाब दियो भने तपाईंहरूले त्यो काम कुनै हालतमा नगर्नु होला । केही पर्‍यो भने म स्वयं तपाईंहरूलाई भन्ने छु । कहीँ कतै मैले पनि कुनै कुरा गर्न भने पनि यदि त्यस्तो काम गर्न नमिल्ने भए मलाई तत्काल कुनै डर नमानी भन्नुहोला, त्यो मेरो लागि सहयोगी हुने छ । यदि तपाईंका मन्त्रीले वा अरू कुनै राजनीतिज्ञले कानुन बाहिर कुनै गलत कुरा गराउन दबाब दिए भने कुनै हालतमा त्यस्तो काम नगर्नु होला । कानुन बमोजिम हुने काम गर्नुस्, नहुने काम नगर्नुस्, तपाईंहरूको गार्जियनको हैसियतले म तपाईंहरूको संरक्षण गर्ने छु । ती मन्त्री वा नेतासँग म डिल गर्छु, तपाईंहरू ढुक्क भएर काम गर्नुस् ।

कर्मचारीको मनोबल बढाउन र उनीहरूलाई हौसला दिन उहाँले त्यसपछि प्रत्येक महिनाजसो सचिवहरूलाई सामूहिक रूपमा बोलाएर कसैको कुनै कमजोरी पाएको कुरा भनिदिने र राम्रो गर्न हौसला दिने गर्नु हुन्थ्यो ।

यस अतिरिक्त सुरक्षा क्षेत्रको संवेदनशीलतालाई ध्यानमा राख्दै साताको एक दिन सबै सुरक्षा प्रमुखसँग अलग अलग वा सामूहिक रूपमा भेटेर ब्रिफिङ लिने र निर्देशन दिने गर्नु हुन्थ्यो। जुन चलन दरबारको पालादेखि चलिआएको थियो ।

पुराना सबै कुरा अनुकरणीय नहुन सक्लान् । तर कतिपय अनुभवजन्य कुरा नकार्न सकिन्न, ती उपयोगी पनि हुन सक्लान् । मिडियामा आएको खबर सुन्दा अहिलेका सचिवहरूले प्रधानमन्त्रीसँग भेट नै पाउँदैनन् अरे । उनीहरूले प्रधानमन्त्रीका सल्लाहकारहरूसँगको संवाद र निर्देशनमा भर पर्नुपरेका कुरा उडन्ते खबर मात्र बनून् भन्ने मेरो कामना छ ।

राज्य सञ्चालनको जिम्मेवारी र राज्यसँग गरिने शपथबीचको अन्तरसम्बन्धबारेमा बुझ्न ढिला गरिनु हुन्न ।

अन्त्यमा, यो लेखको हुटहुटी भनेको यत्रो ठूलो आशा बोकेर आएको र भरोसा गरेको युवाशक्तिको सरकार असफल हुनु भनेको मुलुक थप अर्को दुष्चक्रमा पस्ने सम्भावना हो । देशले अब अर्को दुष्चक्र व्यहोर्न सक्दैन ।

त्यसैले जिम्मेवार पक्षका कुनै पनि काम-कारबाही, बोली वा वचन हिजोको नैराश्य तोडेर आशा जगाउने कुरामा बढी केन्द्रित रहून् र यस दिशातर्फ सत्ताधारी दल र सरकारलाई सफलता मिलोस् भन्ने कामना गर्छु । सेतोपाटीबाट सभार




# खिर खाने कार्यक्रम सम्पन्न



विराटनगर । विराट योग सेवा केन्द्र विराटनगरले श्रावण १५ खिर खाने दिनलाई भव्य र सभ्य रूपमा विराटनगर-१४ जतुवामा रहेको राम मन्दिरको प्रांगणमा खिर खाने कार्यक्रम सम्पन्न गरेका छन् ।

कार्यक्रमका प्रमुख अतिथि विराटनगर-१० का वडा अध्यक्ष अर्जुन गिरीले भने स्वास्थ्यका दृष्टिले पनि खिर पौष्टिक आहार होर दूधबाट क्याल्सियम, प्रोटिन र विभिन्न पोषक तत्त्व प्राप्त हुन्छन् भने चामलले शरीरलाई आवश्यक ऊर्जा प्रदान गर्छर त्यसैले वर्षायाममा सन्तुलित रूपमा खिर सेवन गर्नु लाभदायक मानिन्छ ।

त्यसै गरि योग गुरु देव वशिष्ठले भने श्रावण १५ केवल खिर खाने दिन मात्र होइन, पारिवारिक एकता, आपसी सद्भाव, नेपाली संस्कृति र परम्पराको संरक्षण गर्ने अवसर पनि हो ।

रामजानकी मन्दिरका अध्यक्ष चन्द्रनन्द यादवले भने धार्मिक मान्यताअनुसार श्रावण महिना भगवान शिवको प्रिय महिना मानिन्छर यस महिनामा सात्विक भोजन गर्ने, पूजा-आराधना गर्ने तथा दान-पुण्य गर्ने परम्परा रहेको छर खिरलाई पवित्र, पौष्टिक र शुभ परिकारका रूपमा लिइने भएकाले श्रावण १५ मा यसको विशेष महत्व रहेको विश्वास गरिन्छ ।

खिर दिवसका अवसरमा विराट योग सेवाका महिला योगीहरूको सहयोगमा खिर, ककरा-मटरको अचार र आलु-जिरा फ्रायको व्यवस्था गरेका थिएर

नेपालमा श्रावण १५ लाई परम्परागत रूपमा खिर खाने दिनका रूपमा मनाइन्छ। वर्षायामको हरियाली, नयाँ बालीको सुरुवात र कृषिमा आधारित नेपाली जीवनशैलीसँग यो दिनको विशेष सम्बन्ध छ । यस दिन परिवारका सदस्यहरू एकै ठाउँमा भेला भएर दूध, चामल, चिनी, घ्यू, सुकमेल तथा किसमिस, काजु, बदामजस्ता सामग्री मिसाएर स्वादिष्ट खिर बनाई खाने चलन रहेको छ ।

व्यस्त जीवनशैलीका बीच परिवारसँग बसेर मिठास बाँड्ने, अग्रजप्रति सम्मान प्रकट गर्ने र आफ्ना सांस्कृतिक मूल्यलाई जगेर्ना गर्ने सन्देश यस दिनले दिन्छ ।

यसरी, श्रावण १५ नेपाली मौलिक संस्कृति, धार्मिक आस्था, स्वास्थ्य सचेतना र पारिवारिक एकताको प्रतीकका रूपमा हरेक वर्ष हर्षोल्लासका साथ मनाइँदै आएको छ ।

# १२ वर्ष पछि पाए न्याय

विराटनगर । सप्तरी जिल्लाको शम्भुनाथ नगरपालिका वडा नं -३ कंचनदहा देबनारायण ठाकुरले २०७२ सालमा जग्गा खिचोला कब्जा मेटाई घर हटाइ चलन समेत सोही ठाउँ बस्ने राजदेव दास माथि जिल्ला अदालत सप्तरीमा मुद्दा दायर गरेको १२ वर्ष पछि ठाकुरले न्याय पाएको छ ।

प्रतिवादी दासको जग्गाको पछाडिपट्टि रहेको वादीको जग्गामा ठाकुरले आवतजावत गर्नका लागिल५ मिटर मुख भएको ७ धुर जग्गा जग्गा खरिद गरेका थिए।

प्रतिवादी दासले वादी ठाकुरको कित्ता नं ५९६ को पुरा जग्गा कब्जा गरी अवैध रुपमा पक्की संरचना निर्माण गरी जग्गा अतिक्रमण गरेका थिए। प्रतिवादीको अतिक्रमणले गर्दा वादीको बाटो पूर्ण रुपमा बन्द हुँदा करिब १२ वर्ष अगाडि वादी ठाकुरले बनाएको पक्की घर जीर्ण भएका छन। वादी ठाकुर पोखरीको डिलमा छाप्रो बनाएर बस्न बाध्य भएका थिए ।

प्रतिवादीले अदालतलाई गुमराहमा पार्नको लागि जग्गाको उत्तरतर्फको सधियारसँगको मिलेमतोमा सिमाना समेत सारेका थिए। सो अतिक्रमित जग्गाको फैसला कार्यान्वयन गर्न लागि सम्मानित सप्तरी जिल्ला अदालतबाट २०८३ साल असार २३ गते कर्मचारी डोरमा खटाएका थिए ।

डोरमा खटिएका प्राविधिक सहितको कर्मचारी, सुरक्षा निकाय, वडा कार्यालयको प्रतिनिधि तथा स्थानीय गाउँ समाज, भद्रभलादमी को रोहबरमा सम्मानित अदालतको फैसला तथा चलन हटक आदेश बमोजिम अवैध रुपमा निर्माण गरेको पक्की संरचना हटाई चलन चलाई दिएको हो ।

चलन चलाउने क्रममा प्रतिवादीले अवरोध गर्दा शान्ति सुरक्षा कायम गर्न प्रहरीलाई सामान्य बल पनि प्रयोग गर्नु परेको थियो।

सुरक्षा निकायको सहयोगमा अदालतबाट फैसला कार्यान्वयन हुँदा स्थानीय बासिन्दा सहित पीडित ठाकुर अदालतबाट करिब १२ वर्षपछि न्याय पाउँदा हर्षितमा भएको छ ।